# गौरीशंकर गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशनमा प्रस्तुत

# नीति तथा कार्यक्रम र बजेट बक्तब्य- २०७९/८०

यस गाउँ सभाका अध्यक्षज्यू,

गाउँ सभाका सदस्यज्यूहरु,

दश बर्षे महान जनयुद्ध, १९ दिने जनआन्दोलन लगायत नेपाली जनताको लामो समयको बलिदान र संघर्षको उपहार स्वरुप नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई कार्यान्वयनमा रहेको छ । संघीयता कार्यान्वयनसँगै केन्द्रमा रहेका अधिकार तथा स्रोत साधनहरु स्थानीय तहसम्म बाँडफाँड र हस्तान्तरण भएको अवस्था छ । जनताको नजिकको सरकार एबम् गाउँगाउँमा सिंहदरबार स्थापना गर्न बलिदान तथा योगदान गर्नुहुने महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते, वेपत्ता तथा अपांगहरुलाई उच्च सम्मान व्यक्त गर्दछु ।

नेपाली जनताको बलीदानीपूर्ण संघर्षको उपलब्धीको रुपमा नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गर्दै शासकीय सत्तालाई जनताको नजिक पुर्‍याएको छ । नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई कार्यकारिणी, विधायिकी र न्यायिक अधिकारको सम्बन्धमा दिशानिर्देश गरेको छ । स्थानीय तहले प्रत्येक बर्ष असार १० गते भित्र नीति तथा कार्यक्रम र बजेट पेश गर्ने व्यवस्था बमोजिम आज म गौरीशंकर गाउँपालिकाको आ.ब. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

स्थानीय तहको पहिलो कार्यकाल समाप्त भई दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भई निर्वाचित पदाधिकारीले आफ्नो कार्यजिम्मेवारी सम्हालेको अवस्थामा निर्वाचन शान्तिपूर्ण र धाँदलीरहित ढंगबाट सम्पन्न गर्न सहयोग गर्नुहुने सबै कर्मचारी, राजनीतिकदल, सम्पूर्ण गौरीशंकरबासी र सरोकारवाला प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । दोस्रो निर्वाचित स्थानीय सरकारको रुपमा हामी निर्वाचित हुँदा जनताको धेरै आशा, भरोशा र विश्वासहरु रहेका छन् । सीमित स्रोत साधन, असिमित आवश्यकताकाबीच जनताको चाहाना अनुरुप सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन गर्नु हाम्रो प्रमुख जिम्मेवारी हो । तसर्थ गौरीशंकर गाउँपालिकाको समग्र विकासमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

**अध्यक्षज्यू लगायत गाउँसभा सदस्यज्यूहरु,**

**अब म बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।**

**<u>बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु</u>**

१) नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु

२) नेपाल सरकारको विनियोजन ऐन, २०७९ का प्राथमिकताहरु

३) नेपाल सरकारको आर्थिक बर्ष २०७९/८० को बजेट बक्तव्य

४) बागमती प्रदेशको आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

५) नेपाल सरकारको आर्थिक ऐन, २०७९

६) स्थानीय सरकार सञ्चालन ऐनका प्राबधानहरु

७) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

८) विगत बर्षहरुमा गाउँ सभा र कार्यपालिकाबाट पारित निर्णयहरु

९) सरोकारवालाहरुबाट प्राप्त राय सुझावहरु

१०) स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय, सल्लाह र सुझाबहरु

११) लेखापरीक्षण प्रतिवेदनले औँल्याएका सुझावहरु

१२) दिगो विकासका लक्ष्यहरु

१३) नेपालको १५ औं पञ्चबर्षीय योजना

१४) बागमती प्रदेशको पहिलो आवधिक योजना

**अध्यक्षज्यू लगायत गाउँसभा सदस्यज्यूहरु,**

**अब म आ.व.२०७९/८० को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**क) आर्थिक विकास**

**<u>कृषि तथा पशुपंक्षी तर्फ</u>**

१. कृषि क्षेत्रलाई दिगो विकास तथा आर्थिक विकासको संवाहकको रुपमा लिँदै कृषि तथा पशु विकासको क्षेत्रमा प्रतिफलमा आधारित प्रोत्साहन प्रदान गर्न आवश्यक र तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी कार्यक्रम संचालन गरिनेछ । कृषिको व्यवसायीकरण विविधीकरण एबम् विकासको लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

२. किसानहरुलाई पशुपालन तर्फ प्रोत्साहन गर्न पशु बिमा कार्यक्रम संचालन गरिनेछ । पशु विमा वापतको किसानले बुझाउने प्रिमियम रकममा ५० प्रतिशत अनुदानको व्यवस्थाको सुरुवात गरिनेछ ।

३. दुध उत्पादन बृद्धिका लागि गाई भैँसी तथा चौरी पालन गर्ने किसानको लागि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

४. कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि उन्नत बीउ उत्पादन तथा भण्डारण गर्न बीउ बैंक स्थापना तथा संचालन कार्यक्रमलाई विस्तार गरिनेछ ।

५. कृषि सूचना प्रणालीको विकास गरी गाउँपालिकाभित्रका प्रत्येक किसानलाई आबद्ध गर्न किसान सूचीकरण कार्यक्रम संचालन गरिनेछ ।

६. स्थानीय हावापानी, मौसम तथा वातावरणीय अनुकूलता अनुसार आलु, प्याज, लसुन, किवी, बेसार, अण्डा, मासु र हरियो तरकारीमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन अभियान सुरुवात गरिनेछ ।

७. वडा स्तरमा माटो परीक्षण घुम्ती सेवा संचालन गरिनेछ ।

८. खाली र बाँझो रहेको जग्गाको सदुपयोग गर्ने नीति लिइनेछ ।

९. कृषकहरुको परम्परागत ज्ञान र सिपलाई कदर गर्दै कृषि पेसालाई सम्मानजनक पेसाको रुपमा रुपान्तरण गर्न उत्कृष्ट कृषक पुरस्कार तथा अन्य प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ । मौरीपालन र सिताके च्याउ खेतीको व्यवसायीकरणलाई प्रोत्साहन गरिनेछ ।

१०. रैथाने बाली, पशुको पहिचान, संरक्षण र संबर्द्धनको लागि स्थान विशेष पकेट क्षेत्र निर्धारण गरी बाली बस्तुको बीउ उत्पादन, संरक्षण तथा बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

११. पशु नश्ल सुधारको लागि कृतिम गर्भधारण कार्यक्रम संचालन गरिनेछ । कृतिम गर्भाधारणको लागि पशु प्राबिधिकलाई तालिमको व्यवस्था गरिनेछ ।

१२. टनेल प्रणालीबाट बेमौसमी तरकारी खेती गर्ने किसानलाई आवश्यक प्रोत्साहन गरिनेछ । पालिका स्तरीय चिस्यान केन्द्र र संकलन केन्द्र निर्माणमा जोड दिइनेछ ।

१३. कृषकहरुलाई कृषि तथा पशुपालन सम्बन्धी नवीनतम् प्रबिधि हस्तान्तरण गर्ने नीति लिइनेछ । जसको लागि विभिन्न तालिमहरु संचालन गरिनेछ ।

१४. कृषकहरुलाई मल बिउ, विजन तथा औषधी वितरणको व्यवस्था मिलाइनेछ ।

१५. बाख्रा पालन , चौरीपालन , भेडापालन , गाईपालन , भैंसीपालन, लोकल कुखुरापालन, टर्की पालन , कालिज पालन लगायतका अन्य पशु तथा पंक्षीपालन व्यवसायलाई व्यवसायिक रुपमा संचालन गर्न अनुदान तथा प्रोत्साहनको कार्यक्रम संचालन गरिनेछ ।

१६. अगुवा कृषकहरुको लागि सरकारी तथा गैरसरकारी संघ संस्थासँगको साझेदारीमा तालिम संचालन गरिनेछ ।

१७. निजी क्षेत्रसँगको सहकार्यमा पालिकाभित्र उत्पादित आलु, किबी, बेसार, खुर्सानी जस्ता उत्पादनको ब्रान्डिङ तथा बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१८. घरेलु उत्पादनलाई जोड दिँदै उत्पादित बस्तुको मूल्य निर्धारण गरी पालिका तथा वडाले खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

१९. छिमेकी पालिका र निजी क्षेत्र सँगको सहकार्य र समन्वयमा गाउँपालिका भित्र उत्पादित कृषि तथा पशुजन्य उत्पादन तथा बस्तु र सेवाहरुको विक्रि वितरण तथा बजारीकरणमा सहजता ल्याउन हाट बजार संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## पर्यटन प्रबर्द्धन तथा साँस्कृतिक संरक्षण

१. प्राकृतिक र साँस्कृतिक सम्पदाको दिगो उपयोग गर्न योजना बनाई निजी क्षेत्रसँगको सहकार्यमा पर्या-पर्यटनको कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

२. च्छोरोल्पा हिमताल तथा पाँचपोखरी जटापोखरी सम्म जाने पैदल मार्गको स्तरबृद्धि गरिनेछ ।

३. गाउँपालिकाभित्र रहेका होमस्टेहरुको संचालन तथा व्यवस्थापनको लागि गैरसरकारी संस्थासँगको साझेदारीमा प्रोत्साहन गरिनेछ ।

४. गौरीशंकर गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरुलाई सूचना प्रणालीमा समावेश गर्न सँस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयसँग सहकार्य गरिनेछ ।

५. पर्यटन पदयात्राको लागि नयाँ पदमार्गको पहिचान गरिनेछ । साथै पहिचान भएका पदमार्ग सुरक्षित, विश्वासनीय तथा सुबिधा सम्पन्न बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

६. पर्यटकीय पदमार्गमा रहेका होटल व्यवसायीलाई अतिथि सत्कार तथा व्यवस्थापनको लागि आवश्यक तालिम तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

७. स्थानीय जनतालाई स्वरोजगारको अवसर सिर्जना हुने तथा जीवनस्तरमा सुधार ल्याउन पर्यटन पूर्वाधारको विकासमा जोड दिइनेछ ।

८. आदिबासी, जनजाती लगायतका वर्गको भाषा, लिपी, बाजागाजा, रितीरिवाज, परम्परा, सँस्कृति आदिको संरक्षण एबम् प्रबर्द्धन गरिनेछ ।

९. गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१०. पालिकाभित्रको पर्यटकीय गन्तव्यको पहिचानगरी पर्यटन पूर्वाधार निर्माण गरिनेछ ।

११. गौरीशंकर गाउँपालिकाको वडा नं. ९ बेदिङमा पर्वतारोहण पाठशाला संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२. हनुमन्ते, च्छोरोल्पा हिमताल, गौरीशंकर हिमाल जस्ता पर्यटकीय क्षेत्रको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन आवश्यक व्यवस्था मिलाइनेछ । साथै गाउँपालिकाको पर्यटन सम्भाव्यता अध्ययन गरिनेछ ।

१३. छ्योतछ्योतबाट रोल्वालिङ वेदिङ जाने सडक मार्ग र रोपवे तथा बुकिनि याले जटापोखरी रोपवेको सम्भाव्यता अध्ययन गरिनेछ । पर्यटकीय सम्भावना बोकेको स्थान पहिचान गरी र क्लाइम्बिङ मार्फत पर्यटन प्रबर्द्धन गरिनेछ ।

१४. पिखुती हनुमन्ते पर्यटन सडक, चन्चन मार्सल हुँदै छहरे गुफा पर्यटन सडक, भोर्ले चेर्दुङ पर्यटन सडक, चंखु धुपिनी पाँचपोखरी पर्यटन सडक, मार्बु याले पाँचपोखरी पर्यटन सडक, खारे सोथली पर्यटन सडक, टासिनाम जैसर दालदुङ पर्यटन सडक जस्ता पर्यटन पूर्वाधारलाई प्राथमिकता दिईनेछ ।

## सहकारी तथा गरिबी निवारण

१. गाउँपालिकाभित्र रहेका सहकारीलाई क्रियाशील बनाई कृषि उत्पादनसँग आबद्ध गरिनेछ । सहकारी अभियानलाई थप प्रभावकारी बनाउन सहकारी संस्थाको पदाधिकारी र व्यवस्थापकको क्षमता अभिबृद्धि गरिनेछ ।

२. गाउँपालिका स्तरीय सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ । जसको लागि सहकारी अध्यक्ष र व्यवस्थापकलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।

## श्रम र रोजगार

१. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी हुने गरी पालिकाको योजना तर्जुमा गरिनेछ ।

२. बैदेशिक रोजगारबाट सिप हासिल गरी फर्किएका यूवाहरुलाई व्यवसायिक बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

३. युवा स्वरोजगार कार्यक्रमलाई प्रबर्द्धन गर्न कुक तालिम, कपाल काट्ने तालिम, ब्युटीपार्लर तालिम लगायतका तालिम कार्यक्रम संचालन गरिनेछ ।

४. मछिनो उद्योग, नेपाली कागज, बाबियो संकलन, अल्लो, लोक्ता, अर्गेली लगायतका खेती जस्ता स्थानीय उत्पादनलाई प्रबर्द्धन गरी युबाहरुलाई रोजगारमा आबद्ध गरिनेछ ।

## ख) सामाजिक विकास

### शिक्षा

१. पालिकाभित्रका पुर्व प्राथमिक उमेर समुहका सबै अवस्थाका बालबालिकाको प्रारम्भिक बाल शिक्षामा समतामूलक पहुँच सुनिश्चित हुने गरी बाल बिकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाहरुको अनुमती, नियमन तथा व्यवस्थापन सुधार गरिनेछ ।

२. हाल बाल विकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

३. विद्यार्थी संख्या र भुगोलको आधारमा सामुदायिक विद्यालयहरुको मूल्यांकन गरी शिक्षक दरबन्दी व्यवस्थापन गरिनेछ ।

४. सामुदायिक विद्यालयका प्र.अ.हरुलाई प्रोत्साहन गर्न नेपाल सरकारले प्रदान गरेको प्र.अ. भत्तामा बृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

५. विद्यालयका प्रधानाध्यापकहरुलाई **मेरो विद्यालय म बनाउछु प्रधानाध्यापक कार्यक्रम** मार्फत प्रत्येक बर्ष सिकाई उपलब्धी बृद्धि गर्न जिम्मेवार र जवाफदेही बनाइनेछ । प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार गरी कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्ने माध्यमिक विद्यालयका २ जना र आधारभूत विद्यालयका ५ जना प्रधानाध्यापकलाई नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

६. आधारभूत तहमा स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरिनेछ ।

७. गौरीशंकर भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई एम.बि.बिएस, इन्जिनियर, कृषि तथा पशु चिकित्सक जस्ता प्राबिधिक दक्ष जनशक्ति उत्पादनको लागि छात्राबृत्तिको व्यवस्था मिलाइनेछ ।

८. पालिकाभित्र संचालित विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुको पेसागत क्षमता विकासको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

९. बहुकक्षा बहुस्तर विधिबाट शिक्षण भएका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि भएकाले पालिकाभित्र बहुकक्षा बहुस्तर MGML संचालित विद्यालयको लागि प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था मिलाइनेछ ।

१०. माध्यमिक विद्यालयहरुमा जुनियर रेडक्रस, स्काउटको गठन तथा विस्तारको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

११. विद्यालय अनुगमन, निरीक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

१२. सबै माध्यमिक र आधारभूत विद्यालयमा विषयगत शिक्षकको व्यवस्था मिलाइनेछ ।

१३. पालिकाभित्रका उत्कृष्ट अभिभाावक, शिक्षक, विद्यार्थी र विद्यालयलाई उचित सम्मानको कार्यक्रम गरिनेछ । साथै एस.ई.ई. र कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुका लागि बृत्ति विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१४. शिक्षक, विद्यार्थीको प्रतिभा प्रस्फुटन एबं सिर्जनात्मक कलाको विकास गर्न पालिका स्तरीय अतिरिक्त क्रियाकलाप तथा शैक्षिक सामग्री प्रदर्शनी मेला आयोजना गरिनेछ ।

१५. प्रबिधिमैत्री पठनपाठनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१६. हालसम्म यातायातको पहुँच नपुगेका विद्यालयमा नेपाल सरकारले उपलब्ध गराउँदै आएको दिवा खाजा अन्तर्गतको अनुदानमा प्रतिविद्यार्थी रु. १० का दरले थप गरी प्रदान गर्ने कार्यक्रम सुरुवात गरिनेछ ।

१७. शिक्षक र विद्यार्थीहरुलाई स्वास्थ्य चौकी मार्फत मासिक रुपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।

१८. सबै माध्यमिक विद्यालयलाई क्रमशः आवसीय विद्यालयको रुपमा विकास गरिनेछ । जसको लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ । प्राबिधिक शिक्षाको लागि अन्तर पालिका समन्वय गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

१९. **एक वडा एक नमुना बाल कक्षा** निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२०. विद्यालयहरुमा न्यूनतम् भौतिक पूर्वाधारको विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२१. एक विद्यालय एक बाल उद्यान निर्माणको सुरुवात गरिनेछ । साथै हरित विद्यालय अभियान संचालन गरिनेछ ।

## युवा तथा खेलकुद तर्फ

१. यूवाहरुको क्षमता विकास तथा नेतृत्व विकासको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
२. विद्यालयमा खेलकुद शिक्षक तथा खेलाडीहरुलाई खेल तालिमको व्यवस्था गरिनेछ ।

३. पालिका स्तरीय खेलकूद विकास समिति गठन गरी खेलकुद आयोजना तथा नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. युवाहरुलाई उद्यमशीलता विकास तालिमको व्यवस्था मिलाइनेछ । महिला उद्यमशीलता र क्षमता बद्धि तालिम संचालन गरिनेछ ।

५. गाउँपालिका स्तरीय  अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

६. पालिकाभित्र संचालित विद्यालयहरुलाई  खेलकुद सामग्रीको आवश्यक व्यवस्था मिलाइनेछ ।

७. एक वडा एक खेलकुद मैदान निर्माण गरिनेछ ।  खेलकुद विकासको लागि अन्तरपालिका समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

८. पालिका स्तरीय हाइ अल्टिच्युड खेलकुद मैदान निर्माण गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१. समाजमा हुने बाल विवाह, छुवाछुत र जातीय भेदभाव लगायतका सामाजिक विकृति अन्त्य गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२. महिलाहरुको क्षमता विकासका लागि मागमा आधारित उद्यमशीलता तालिम संचालन गरिनेछ ।

३. लैंगिक हिंसा न्यूनीकरणको लागि लैंगिक हिंसा निवारण कोषलाई क्रियाशील गराइ हिंसा पीडितको उद्धार, पुर्नस्थापना तथा उचित राहतको व्यवस्था मिलाइनेछ ।

४. गौरीशंकर गाउँपालिका क्षेत्र भित्र रहेका अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरी लक्षित समुदायको सशक्तिकरणमा जोड दिइनेछ ।

५. बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री गाउँपालिका घोषणा गर्ने प्रक्रियाको सुरुवात गरिनेछ ।

६. यस गाउँपालिकाभित्रका महिला, दलित, आदिबासी, जनजाती लगायत पिछडिएका बर्गलाई सरकारी सेवामा आकर्षण गर्न  उक्त बर्गलाई लक्षित गरी शिक्षक सेवा आयोग र लोक सेवा आयोग तयारी कक्षा संचालन गरिनेछ ।

७. ग्रामिण महिला प्राबिधिक र सामाजिक परिचालक तयार गर्ने नीति अवलम्बन गरिनेछ ।

८. पालिका भित्रका सरकारी कार्यालयहरुमा छुट्टै स्तनपान कक्षको व्यवस्था गर्ने कार्यको थालनी गरिनेछ ।

९. बाल अधिकार, महिला अधिकार लगायत लक्षित बर्गको अधिकारको सम्बन्धमा कर्मचारी, जनप्रतिनिधी तथा सरोकारवाला र विभिन्न संघ संस्था बीच  अन्तरक्रिया गरी सशक्तिकरणको कार्यक्रम संचालन गरिनेछ ।

१०. लैंगिक हिंसा निवारणको लागि गाउँपालिका अन्तर्गतका सरकारी कार्यालय तथा संस्थाहरुमा सो सम्बन्धी आचारसंहिता निर्माण गरी कडाइका साथ लागू गरिनेछ ।

११. लैंगिक हिंसाबाट पीडित महिलाहरुको पुर्नस्थापनाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२. गाउँपालिका भित्र रहेका ८० वर्ष वा सो भन्दा माथिका जेष्ठ नागरिकहरुको सम्मान स्वरुप बार्षिक रुपमा **जेष्ठ नागरिक सम्मान** गरिनेछ ।

१३. गाउँपालिकाबाट संचालन हुने हरेक कार्यक्रममा समावेशीकरणको नीति लिइनेछ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा योगदान पुऱ्याउने महान जनयुद्ध तथा जनआन्दोलनका सहिद, वेपत्ता, घाइते तथा अपांगलाई सम्मान गर्दै सहिद तथा द्वन्द्व पीडित परिवार लक्षित आयआर्जनमूलक कार्यक्रम संचालन गरिनेछ ।

१४. आमाबाबु बिहिन बालबालिकाको  लागि शिक्षाको पहुँच सुनिश्चित गर्न छात्राबृत्तिको व्यवस्था गरिने  छ ।

१५. दलित समुदायले गर्दै आएको पुर्ख्यौली पेसा संरक्षणको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

## स्वास्थ्य तथा पोषण

१. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा पालिका बासीको पहुँचलाई सुनिश्चित गर्न नवशिशु तथा बाल स्वास्थ्य र पोषण, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरुको व्यवस्थापन, महामारी नियन्त्रण लगायत स्वास्थ्य प्रबर्द्धन कार्यक्रलाई विशेष प्राथमिकता दिईनेछ ।

२. पालिकाभित्रका सुत्केरी तथा गर्भवती महिला र क बर्गको अपांगलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

३. मुटुरोग, क्यान्सर, मृगौला डायलोसिस लगायत गम्भीर प्रकृतिका रोगीलाई उपचारको लागि आर्थिक सहयोग गरिनेछ ।

४. प्रत्येक वडामा विशेषज्ञ चिकित्सक सहितको घुम्ती स्वास्थ्य शिविर संचालन गरी निशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

५. स्वास्थ्य संस्थामा जाने महिलाहरुलाई निशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाइनेछ ।

६. पालिकाभित्र कार्यरत महिला स्वास्थ्य स्वयम्सेविकाहरुको मनोबल उच्च राख्न प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

७. स्वास्थ्य सेवालाई जनताको घरदैलोमा पुऱ्याउनको लागि खोप क्लिनिक, गाउँघर क्लिनिक, सामुदायिक स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ । भौगोलिक रुपले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेको स्थानमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

८. स्वास्थ्य संस्थामा पाईने निशुल्क तथा अत्यावश्यक औषधीलाई वर्षभरी नै सहज रुपमा उपलब्ध हुने गरी व्यवस्थापन गरिनेछ ।

९. विरामीहरुलाई सहज एम्बुलेन्स सेवा प्रदान गर्न एम्बुलेन्स सेवालाई क्रमशः विस्तार गरिनेछ ।

१०. गर्भवती तथा सुत्केरी आमाको पोषण अवस्थालाई मध्यनजर गर्दै सुनौला हजार दिन पोषण कार्यक्रम लागू गरिनेछ ।

११. पालिकाबासी जनताको स्वास्थ्य जोखिम र संवेदनशीलतालाई मध्यनजर गरी स्वास्थ्य बिमा कार्यक्रमलाई थप विस्तार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१२. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको प्रयोगलाई सबै स्वास्थ्य संस्थाहरुमा विस्तार गरिनेछ ।

१३. स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ। स्वास्थ्य संस्था नजिक संचालनमा रहेका फार्मेसीहरुको अनुगमन गरी नियमन गरिनेछ ।

१४. सुरी प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको प्रयोगशाला सेवालाई निरन्तरता दिँदै प्रयोगशाला सेवाको गुणस्तर र क्षमता विस्तार गरिनेछ ।

१५. छिमेकी पालिकासँगको समन्वय र सहकार्यमा अस्पताल, शब बहान, स्वास्थ्य शिविर, विशेषज्ञ सेवाको संचालन तथा व्यवस्थापन गरिनेछ ।

## ग) पूर्वाधार विकास

### पूर्वाधार निर्माण, योजना अनुगमन तथा मूल्यांकन

१. भोर्ले देखि गाउँपालिका कार्यालय सम्मको सडक स्तरोन्नती गर्दै कालोपत्रे गर्ने कार्य सुरुवात गरिनेछ ।

२. सिताको थान देखि गाउँपालिका सडक, पिखुती मानेडाँडा सडक, भोर्ले-मार्बु सडक, जामुने कसेरी छेसाखारे सडक, जगतफेदी टासीनाम सिमीगाउँ सडक, गुरुम्फी-चंखु सडक, मार्बु चंखु हुँदै गाउँपालिका सम्म जोड्ने सडकलाई मुख्य रणनीतिक सडकको रुपमा लिँदै स्तरोन्नती गरी बाह्रै महिना यातायात संचालन योग्य बनाइनेछ ।

३. सडक पहुँचबाट टाढा रहेको वडा नं. ९ गौरीशंकरको टासीनाम-सिमीगाउँ हुँदै रिकु र बेदिङ सम्म सडक पहुँच विस्तार गरिनेछ। पालिकाभित्र आवश्यक स्थानमा झोलुंगे पुलको लागि संघीय सरकारमा पहल गरिनेछ ।

४. सबै वडाहरुमा खानेपानी पहुँच सुनिश्चितता गर्न एक घर एक धाराको अवधारणा अनुसार क्रमशः खानेपानी आयोजना निर्माण गरिनेछ । जसको लागि संघीय सरकार र प्रदेश सरकार साथै अन्य सहयोगी संस्थाहरुसँग आवश्यक पहल गरिनेछ। साथै पँधेरो, कुवा र ढुंगेधारा संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५. सिंचाई प्रणालीलाई व्यवस्थित गर्न सिंचाई सम्भाव्यता अध्ययन गरिनेछ। सिंचाई पूर्वाधार निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

६. कुलो सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाइ र प्लाष्टिक पोखरी, बनजंगलमा पोखरी निर्माण मार्फत सिंचाई कार्यलाई व्यवस्थित गरिनेछ ।

७. भौतिक पूर्वाधार खडा गर्दा महिला, बालबालिका, अपाङ्ग र वातावरणमैत्री संरचनामा जोड दिइनेछ ।

८. गाउँपालिका प्रमुख प्रशासकीय भवन निर्माण सम्पन्न गरिनेछ । निर्माण हुन बाँकी वडा कार्यालय भवन निर्माण सम्पन्न गरिनेछ ।

९. निर्माण भैसकेका सडकको नियमित मर्मत संभारको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१०. गाउँपालिकाको पञ्चबर्षीय आवधिक योजना तर्जुमा गरी लागू गरिनेछ ।

११. सुरक्षित आवासको लागि निजी तथा सार्वजनिक भवन निर्माण गर्दा भवन निर्माण आचारसंहिता तथा मापदण्ड लागू गरिनेछ ।

१२. योजना सम्झौता र कार्यान्वयनलाई सहज बनाउन योजना घुम्ती शिविरलाई निरन्तरता दिइनेछ । योजना कार्यान्वयन गर्नुअघि उपभोक्ता समितिलाई अभिमुखीकरणको व्यवस्था गरिनेछ ।

**जल विद्युत तथा उर्जा**

१. राष्ट्रिय प्रशारण लाइनको विद्युत पहुँच नपुगेका घरधुरीमा नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्दै विद्युत पहुँच सुनिश्चित गरिनेछ ।

२. गाउँपालिका भित्र संचालित जलविद्युत आयोजनालाई प्रभावकारी नियमन गर्दै विद्युत रोयल्टी गाउँपालिकालाई उपलब्ध गराई आन्तरिक आय बढाउन आवश्यक पहल गरिनेछ ।

३. गाउँपालिका भित्रको बजार उन्मुख क्षेत्रमा सडक लाइट जडान कार्य सुरुवात गरिनेछ ।

४. गाउँपालिका भित्र संचालन हुने गरी लाइसेन्स लिई निस्कृय रहेका जलविद्युत आयोजना तत्काल संचालनमा ल्याउन पहल गरिनेछ ।

५. तामाकोशी पाँचौं जलविद्युत आयोजना लगायत अन्य जलविद्युत आयोजनाहरुमा समेत सेयर लगानी गरिनेछ ।

## घ) वातावरण तथा विपद व्यवस्थापन

१. गाउँपालिकाबाट संचालन हुने ठुला आयोजनाहरुको संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने नीति लिईनेछ ।

२. विपद व्यवस्थापनको पूर्वतयारी, राहत, उद्धार तथा पुर्नस्थापनाको लागि कोष व्यवस्थापन तथा विपद जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गरिनेछ ।

३. गाउँपालिकाभित्र रहेका जडिबुटि तथा बनस्पतिहरुको पहिचान, संरक्षण संवर्द्धन गर्दै यसलाई आयआर्जनसँग आबद्ध गर्ने व्यवस्था मिलाईनेछ ।

४. वातावरणमैत्री पूर्वाधार निर्माणलाई जोड दिइनेछ ।

५. भुक्षय तथा भुस्खलन नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. झाङराली, भोर्ले, सुरीदोबान, गुरुम्फी, जामुने लगायत नदी तटीय क्षेत्रको संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. विपद व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता अभिबृद्धि गरिनेछ ।

८. विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गर्दै विपद व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

९. गाउँपालिका स्तरीय विपद प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिनेछ ।

१०. विपद व्यवस्थापनको लागि अन्तर स्थानीय तह, प्रदेश तथा संघीय सरकार, अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी विपद जोखिम न्यूनीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

११. विपदको दृष्टिकोणबाट अति जोखिममा रहेको स्थान पहिचान गरी वर्ग विभाजन गरिनेछ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

## शासकीय प्रवन्ध र सेवा प्रवाह

१. गाउँपालिकाबाट प्रदान गर्ने सेवालाई पारदर्शी, जवाफदेशी, मितव्ययी, सरल र सहज बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । आगामी साउनबाट भोर्लेबाट प्रत्येक हप्ताको आइतवार र सोमबार सेवा प्रवाह गर्ने कार्य सुरुवात गरिनेछ ।

२. नागरिक बडापत्रलाई पहुँचयोग्य र समावेशी बनाउन डिजिटलाइज नागरिक बडापत्र लागू गरिनेछ ।

३. शाखा प्रमुखहरुलाई आफ्नो शाखाको काम प्रति जिम्मेवार तुल्याई काममा सिघ्रता ल्याउन प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्यसम्पादन करार गरिनेछ । साथै प्रत्येक पदको कार्यविवरण तयार गरी लागू गरिनेछ ।

४. मासिक, चौमासिक प्रगति प्रतिवेदन र बार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ ।

५. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम संचालन गरिनेछ ।

६. कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।

७. प्रत्येक योजनाहरुमा पारदर्शिता, जवाफदेहीता कायम गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणलाई अनिवार्य गरिनेछ ।

८. सार्वजनिक खरिद प्रक्रियालाई बस्तुनिष्ठ र प्रतिष्पर्धात्मक बनाउन खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण ( O&M) गरिनेछ ।

१०. संघीय र प्रदेश कानूनको अधीनमा रही स्थानीय सेवाको शर्त सम्बन्धी कानून तर्जुमा गरिनेछ ।

११. जिन्सी श्रेष्ता प्रणालीलाई सफ्टवेरमा आवद्ध गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली ( PAMS) लागु गरिनेछ ।

१२. भुक्तानी प्रक्रियालाई सहज गराउन विद्युतीय भुक्तानी प्रणाली (EFT) लागू गरिनेछ ।

१३. व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन ३५ दिनभित्र जन्म र मृत्यु दर्ता गराउनेलाई नगद प्रोत्साहनको  व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१४. खोप, भिटामिन वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्बन्धी सेवा, व्यक्तिगत घटना दर्ता, जेष्ठ नागरिक परिचयपत्र, अपांग परिचय पत्र लगायतका सेवा प्रवाहका लागि एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।

१५. छिमेकी पालिकाहरुसँगको समन्वय र सहकार्यमा साझा लाभ हुने योजनाहरु साझेदारीमा सञ्चालन गरिनेछ ।

१६. गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग संघसँग आवश्यक समन्वय तथा निजी क्षेत्रको प्रत्यक्ष संलग्नतामा सामाजिक तथा आर्थिक विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. कर्मचारीलाई आफ्नो कार्यजिम्मेवारी प्रति थप उत्तरदायी बनाउन तथा आचरणमा सकारात्मक परिवर्तन ल्याउन दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

१८. सेवाग्राही तथा सरोकारवालाहरुले विभिन्न माध्यमबाट राख्ने गुनासो जिज्ञासा एबम् सवालहरुको प्रभावकारी सुनुवाईको व्यवस्था मिलाइनेछ । गाउँपालिका कार्यालयमा नागरिक सहायता कक्षको व्यवस्था तथा स्थापना गरिनेछ ।

१९. गाउँपालिका भित्र नियमित बजार अनुगमन गरी कालोबजारी नियन्त्रण तथा अखाद्य र म्याद नाघेको वस्तु नष्ट गरिनेछ । जसका लागि टोल विकास संस्था र अनुगमन संयन्त्र परिचालन गरिनेछ ।

२०. टोल विकास संस्था गठन गरी गाउँपालिकाको विकास निर्माण र अनुगमन प्रणालीमा सहकार्य गरिनेछ । होटेल तथा व्यवसायहरुलाई दर्ता गरी संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२१. गाउँपालिकामा निजी क्षेत्रको लगानी भित्र्याउन निजी लगानीकर्तालाई गाउँपालिकाले लगानीमैत्री वातावरण सिर्जना गरिर्नेछ ।

२२. गाउँपालिकाको डिजिटल प्रोपाइल निर्माण गरी सबै घरधुरी र पालिका बासीको व्यक्तिगत विवरण अद्यावधिक गरिनेछ ।

## कानुन, न्याय निरुपण तथा मेलमिलाप

१.स्थानीय अदालतको रुपमा रहेको न्यायिक समितिबाट हुने न्यायिक निरुपणलाई सर्वसुलभ र छिटो छरितो रुपमा सम्पादन गरी थप प्रभावकारी बनाउन आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।

२. न्यायिक समिति र वडा स्तरीय मेलमिलाप कर्ताहरुको क्षमता विकास गरिनेछ ।

३. नेपालको संविधानले स्थानीय तहको अधिकार अन्तर्गत अनुसूचीमा व्यवस्था गरेका विषयसँग निर्माण गर्नपर्ने कानूनहरुको तर्जुमा गरिनेछ ।

४. मेलमिलाप केन्द्रको संस्थागत सुदृढीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४. सुचीकृत मेलमिलापकर्ताहरुलाई सम्बन्धित कार्यक्षेत्रमा मेलमिलापको कार्य गराए वापत प्रोत्साहन उपलब्ध गराइनेछ ।

## सूचना प्रविधी तथा सञ्चार

१. यस गाउँपालिकाको विभिन्न क्षेत्रमा नेपाल टेलिकमको नेटवर्क नआउँदा सञ्चार पहुँचबाट स्थानीय बञ्चित हुन परेकोले नेपाल टेलिकमसँग समन्वय गरी संचार पहुँचको सुनिश्चितता गर्न पहल गरिनेछ ।

२. पालिकाभित्र संचालित सबै सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय लगायतका सार्वजनिक निकायमा इन्टरनेट सुविधाको पहुँच विस्तार गरिनेछ ।

३. गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई क्रमशः डिजिटलाइज गर्दै लगिनेछ ।

४. गाउँपालिकाको सूचना तथा दस्तावेहरुलाई व्यवस्थित गर्न सूचना प्रबिधिको उपयोग गरिनेछ ।

५. मुख्य सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सिसि क्यामेरा जडान गर्ने कार्य सुरुवात गरिनेछ ।

अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष २०७९/८० को लागि देहाय बमोजिमको आय हुने अनुमान गरेको छु ।

आ.व. २०७९/८० को आय विवरण

| क्र.सं. | आम्दानी विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान, नेपाल सरकार | १२०२००००० | बाह्र करोड २ लाख |

| | | | |
|---|---|---|---|
| २ | राजस्व बाडँफाँड, नेपाल सरकार | १०२३६३००० | दश करोड तेइस लाख त्रिसठी हजार |
| ३ | वित्तिय समानिकरण अनुदान, प्रदेश सरकार | ११३५०००० | एक करोड तेह्र लाख पचास हजार |
| ४ | सवारी साधन कर ( राजस्व बाडँफाँड ), प्रदेश सरकार | २४४६८००० | दुई करोड चवालीस लाख अर्सठी हजार |
| ५ | आन्तरिक आम्दानी | ३०००००० | तीस लाख |
| ६ | अ.ल्या. | १०००००००० | एक करोड |
| ७ | सर्शत  अनुदान, नेपाल सरकार | २२९६००००० | बाइस करोड छ्यानब्बे लाख |
| ८ | संघ विशेष अनुदान | २०००००००० | दुई करोड |
| ९ | संघ समपुरक अनुदान | ७०००००० | सत्तरी लाख |
| १० | प्रदेश  समपुरक अनुदान | २०००००००० | दुई करोड |
| ११ | सर्शत अनुदान प्रदेश सरकार | २१८५६००० | दुई करोड अठार लाख छपन्न हजार |
| जम्मा | | ५६९८३७००० | छपन्न करोड अन्ठानब्बे लाख सर्तिस हजार |

अध्यक्ष महोदय,
अब म आगामी आर्थिक वर्ष २०७९/८० को व्ययको अनुमान पेश गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७९/८० को व्यय विवरण

| | व्यय विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघ सशर्त अनुदान | २२९६००००० | बाइस करोड छ्यानब्बे लाख |
| २ | संघ विशेष अनुदान | २०००००००० | दुई करोड |
| ३ | प्रदेश सशर्त अनुदान | २१८५६००० | दुई करोड अठार लाख छपन्न हजार |
| ४ | संघ समपुरक अनुदान | ७०००००० | सत्तरी लाख |
| ५ | प्रदेश समपुरक अनुदान | २०००००००० | दुई करोड |
| ६ | पूर्वाधार विकास पालिका | ५००८१००० | पाँच करोड एकासी हजार |
| ७ | वडागत विनियोजन | ५०५००००० | पाँच करोड पाँच लाख |

| | | | |
|---|---|---|---|
| ८ | शिक्षा तथा खेलकुद | २५०००००० | दुई करोड पचास लाख |
| ९ | स्वास्थ्य | ८०००००० | असी लाख |
| १० | विपद व्यवस्थापन कोष | ४०००००० | चालीस लाख |
| ११ | कृषि तथा पशुपन्छी विकास | १००००००० | एक करोड |
| १२ | युवा तथा रोजगार | २५००००० | पच्चीस लाख |
| १३ | पर्यटन सँस्कृति र प्रचार | ३५००००० | पैतीस लाख |
| १४ | लक्षित बर्ग कार्यक्रम | ३०००००० | तीस लाख |
| १५ | न्यायिक समिति | १५००००० | पन्ध्र लाख |
| १६ | साझेदारीमा कार्यक्रम सञ्चालन | ३०००००० | तीस लाख |
| १७ | प्रशासनिक चालु खर्च | ९९८०००००० | नौ करोड अन्ठानब्बे लाख |
| १८ | पूर्वाधार निर्माण सम्भाव्यता अध्ययन, परामर्श सेवा | ४०००००० | चालीस लाख |
| १९ | सुशाशन तथा सूचना प्रबिधि | ५०००००० | पचास लाख |
| २० | एक्साभेटर तथा एम्बुलेन्स संचालन | १५००००० | पन्ध्र लाख |
| | जम्मा | ५६९८३७००० | छपन्न करोड अन्ठानब्बे लाख सर्तिस हजार |

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम गौरीशंकर गाउँपालिकाको बहुआयामिक विकासको लागि सान्दर्भिक हुने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुन सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी लगायत गाउँपालिकाबासीमा हार्दिक अपिल गर्न चाहन्छु । साथै गाउँपालिकाको समग्र विकासमा महत्वपुर्ण योगदान पुऱ्याउनुहुने संघीय सांसदज्यू, बागमती प्रदेश, वन तथा वातावरण मन्त्री तथा प्रदेश सभा सदस्य माननीय विशाल खड्काज्यू, प्रदेश सभा सदस्यज्यूहरु, पूर्वजनप्रतिनिधिज्यूहरु लगायत विभिन्न राजनैतिक दल, गाउँपालिका अर्न्तगतका सम्पूर्ण कर्मचारी , सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु, नागरिक समाज, आम संचार माध्यमहरु तथा सम्पूर्ण गौरीशंकर गाउँपालिकाबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यहाँहरुले गाउँपालिकाको समग्र विकासको लागि गर्नुभएको पहल र सहकार्यको उच्च कदर गर्दै आ.ब. २०७९/८० को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा समेत यहाँहरुको सहयोग हुने अपेक्षा सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यबाद**